प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि,खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र**
कपिलवस्तु

फोन न. ०७६ ५६००२१
Email: vethospkapilvastu@gmail.com
website: www.kapilvastu.vethos.gov.np

पत्र संख्या: ०७७/०७८
च.नं.

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको प्रस्ताव आव्हान सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/०१**

यस विज्ञ केन्द्र कपिलबस्तुको आ.व. २०७८/७९ को स्विकृत बार्षिक कार्यक्रम प्रतिफलमा आधारित प्रोत्साहन अनुदान "उत्पादन **प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६**" बमोजिम सचालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका सहकारी / कम्पनी / निजि डेरिहरुले तपसिल बमोजिमका शर्तहरु पालन गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/११/२९) भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,कपिलवस्तुमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। अन्य जानकारिका लागि कार्यालयको सुचना पाटी तथा मन्त्रालयको वेभसाईटः https://molmac.lumbini.gov.np मा सम्पर्क गर्नुहोला ।

तपसिलः

१) अनुदानग्राहीको छनौट मापदण्ड

| क्र सं | बालि बस्तुको नाम | आवेदक | अनुदान दिने आधारहरु | प्रमाणीत गर्ने आधारहरु |
|---|---|---|---|---|
| १ | माछा/मासु (खसी/बोका/ भेडा/ बंगुर/रौंगा/ माछा) | सहकारी | • आ.ब. ०७७/७८ को कात्तिक महिना देखी चालु आ.ब. को असोज मसान्त सम्म गरेको कारोबारको अभिलेख पेश गर्नु पर्ने,<br>• संकलित बिक्रि योग्य खसी/बोका/भेडा/ बंगुर/रौंगा/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/ बोका/भेडाको हकमा १००, बंगुरको हकमा ५० र रागाको हकमा कम्तिमा २० प्रति सहकारी प्रति बर्ष कारोबार गरेको हुनुपर्ने,<br>• माछाको हकमा प्रति सदस्य कम्तिमा ५०० केजीका दरले एउटा सहकारीबाट १० मे टन कारोबार गरेको हुनुपर्ने,<br>• सहकारीमा आवद्ध पशुपालक सदस्यहरुले अनिवार्य रुपमा पशु बिमा गरेको हुनुपर्ने | • सहकारीको सदस्यहरुको पशुपन्छी तथा मत्स्यपालनको अभिलेख,<br>• सम्वन्धित स्थानियतहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• विमा गरिएको प्रमाण,<br>• सहकारीको खरिद अभिलेख,<br>• सहकारीले आफै बिक्रि वितरण गर्ने भए बिक्रि अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम,ठेगाना र सम्पर्क नं. सहितको विवरण,<br>• व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारीबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख |
| २ | दुध उत्पादन | सहकारी/ कम्पनी/ निजि डेरी | • आ.ब. ०७७/७८ को श्रावण १ गते देखी असार मसान्त सम्म गरेको दुधको कारोबारको अभिलेख पेश गर्नु पर्ने,<br>• सहकारी वा कम्पनी वा निजि डेरीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• प्रति सहकारी/कम्पनी/निजि डेरीले मासिक औषत दश हजार लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्नेछ साथै बार्षिक कम्तिमा २५० दिन दुधको कारोबार गरेको हुनुपर्ने,<br>• दुध उत्पादक सहकारी तथा कम्पनीमा आवद्ध पशुपालक कृषकहरुले अनिवार्य रुपमा पशु बिमा गरेको हुनुपर्ने | • सहकारी वा कम्पनी वा निजि डेरीको संस्थागत अभिलेख,<br>• सम्बन्धित स्थानियतहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बिमा गरिएको प्रमाण,<br>• सहकारी वा कम्पनी वा निजि डेरीले खरिद बिक्री अभिलेख,<br>• सहकारीले आफै बिक्रि वितरण गर्ने भए बिक्रि अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम,ठेगाना र सम्पर्क नं. सहितको विवरण,<br>• व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारी वा संस्थागत रुपमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख |

डा.उत्तम आचार्य
पशु चिकित्सक



प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि,खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
कपिलवस्तु
फोन न. ०७६ ५६००२१
Email: vethospkapilvastu@gmail.com
website: www.kapilvastu.vethos.gov.np
पत्र संख्या: ०७७/०७८
च.नं.

२) **प्रोत्साहन अनुदानको मापदण्डः** जिउँदो खसी/बोका/भेडाको हकमा बढीमा प्रति केजी रु २५, रौंगाको हकमा बढीमा प्रति केजी रु १५, बंगुरको हकमा बढीमा प्रति केजी रु २०, माछाको हकमा बढीमा प्रति केजी रु १० र दुधको हकमा बढीमा प्रति लिटर रु २ का दरले उपलब्ध गराईनेछ।

३) संलग्न गर्नुपर्ने कागजातहरु

- संस्था दर्ता, कर चुक्ता र नविकरणको प्रमाणपत्र
- गत आ.ब. को लेखा परिक्षण प्रतिबेदन
- अनुसूची २ अनुसारको निवेदन तथा अनुसूची ५ अनुसारको कार्ययोजना
- स्थानिय तहको सिफारिस
- कार्यक्रम संचालन भएको स्थलको फोटोहरु
- बार्षिक साधारण सभा भएको भए गत आ.ब. को प्रतिबेदन
- कार्यक्रमा सहभागी हुने संस्था/कम्पनीको निर्णय प्रतिलिपी
- सहकारी/कम्पनीमा/निजि डेरी आवद्ध पशुपालक कृषकहरुको पशु बिमाका कागजात

पुनश्चः यस कार्यक्रमा आवद्ध हुने ईच्छुक संस्थाहरुको उत्पादन प्रत्येक वर्ष क्रमशः कम्तिमा २० प्रतिशतले अनिवार्य बृद्धि गरेको हुनु पर्नेछ। यस सूचनामा छुट भएका बुदाँहरु "**उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६**" बमोजिम हुनेछ र उक्त कार्यविधि मन्त्रालयको बेभसाईटः https://molmac.lumbini.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ, कार्यविधिमा कुनै परिमार्जन भएको खण्डमा सोहि बमोजिम हुनेछ। थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,कपिलबस्तुका कर्मचारि श्री राजु पौडेलसँग (सम्पर्क न ~~[illegible]~~ ९८६०४८६८०२) सम्पर्क राख्न सक्नुहुनेछ।

डा.उत्तम आचार्य
पशु चिकित्सक